NRB Unified Directives for Class A, B and C Licensed Institutions

Directive 14

Language mode: Ne

C.M. & Associates, Chartered Accountants | Kathmandu, Nepal

SOURCE-GAP REFERENCE - NOT A COMPLETE DIRECTIVE

Circular No. 2 (A/B/C): Later amendment recorded; exact circular wording not reproduced.

Missing material has not been invented, reconstructed, translated or fetched.

Generated: 2026-09-03

This material is provided for information and reference only and does not constitute legal, regulatory, tax or professional advice. Original Nepali text is authoritative. English is a controlled facilitative translation and is not an official Nepal Rastra Bank translation. In case of inconsistency, ambiguity or difference, the official Nepali Directive and applicable Nepal Rastra Bank circulars prevail. C.M. & Associates is not affiliated with, approved by or endorsed by Nepal Rastra Bank.

C.M. & Associates Reference cma.com.np

Contents

Directive 14: Provisions Relating to Opening Branches / Offices

C.M. & Associates • Reference Copy • cma.com.np

Directive 14: Provisions Relating to Opening Branches / Offices

SOURCE-GAP REFERENCE - NOT A COMPLETE DIRECTIVE

Circular No. 2 (A/B/C): Later amendment recorded; exact circular wording not reproduced.

Missing material has not been invented, reconstructed, translated or fetched.

Classification: PASS WITH EXPLICIT SOURCE GAP

Source document: NRB_Unified_Directives_2082_Bilingual_Compiled_Directives_1-21.docx

Official Nepali source pages: 118, 119, 120, 121, 122, 123, 124, 125, 126, 127

Legal Status: Original Nepali source text prevails.

Nepali authoritative text

शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था

Preamble

Nepali authoritative text

यस बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थाको शाखा/कार्यालय खोल्ने व्यवस्थाका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दएिको अधकिार प्रयोग गरी देहायका नर्दिेशन जारी गरएिको छ :-

Source Page: 118

१ Provisions Relating to Opening Branches / Offices

Nepali authoritative text

(क) इजाजतपत्रप्राप्त संस्थाले महानगरपालकिा र उप महानगरपालकिामा शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृत लिनुपर्नेछ । शाखा कार्यालय तथा एक्सटेन्सन काउन्टर खोली कारोबार शुरु गरेकै दनि उक्त शाखा तथा एक्सटेन्सन काउन्टर सम्बन्धी ववरिण यस बैंकको रपिोर्टङि पोर्टलमा र सुपरविेक्षण सूचना प्रणाली रपिोर्टङि पोर्टलमा अध्यावधकि गर्नु पर्नेछ ।

(ख) देहायको अवस्था पूरा गरेको इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कार्यक्षेत्र भत्रि नयाँ शाखा कार्यालय खोल्न सक्नेछ:
(अ) शाखा वस्तिार गर्नका लागि प्रस्तावति स्थान वत्तिीय रुपले सम्भाव्य रहेको स्थलगत अध्ययन प्रतविेदन तयार गर्नु पर्ने ।
(आ) यस बैंकको नीतगित व्यवस्था तथा नर्दिेशन बमोजमि तोकएिको न्यूनतम चुक्ता पुँजी कायम गरेको ।
(इ) यस बैंकबाट इजाजतपत्र प्रदान गर्दा तोकएिका शर्तहरु पूरा गर्नुका साथै शाखा खोल्नु अगाडकिो त्रैमासकि वत्तिीय ववरिणमा यस बैंकले तोकेको पुँजीकोष कायम गरेको ।
(ई) शाखा कार्यालयमा सूचना आदान प्रदान गर्नको लागि नेटवर्कङि (Networking) गरी वा वद्यिुतीय माध्यमबाट केन्द्रीय कार्यालयमा सूचना प्रणालीमा तत्काल आवद्ध हुन सक्ने व्यवस्था गरेको ।
(उ) सम्बन्धति संस्थाको सञ्चालक समतिबिाट शाखा कार्यालय स्थापना/सञ्चालन गर्ने सम्बन्धी नर्णिय भएको हुनु पर्ने । सञ्चालक समतिलिे नर्णिय गरेको मतिलिे १५ दनिभत्रि यस बैंक समक्ष संलग्न अनुसूची १४.१ बमोजमिको ढाँचाको फाराम भरी स्वीकृतकिो लागि आवेदन दनिु पर्नेछ । यस बैंकबाट स्वीकृत पाएको मतिलिे छ महनिाभत्रिमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरी सक्नु पर्ने ।

(ग) माथि उल्लखिति शर्त तथा व्यवस्थाहरु पूरा नभएको अवस्थामा इजाजतपत्रप्राप्त संस्थालाई वशिेष परस्थितिमिा कुनै स्थानमा शाखा स्थापना गर्न आवश्यक देखएिमा यस बैंकले स्वीकृत दनि सक्नेछ ।

(घ) शाखा वस्तिार गर्ने स्वीकृत प्रदान गर्दा ग्रामीण क्षेत्रमा बैंकङि कारोबार, वैदेशकि रोजगारी, वप्रिेषण तथा उक्त बैंक वा वत्तिीय संस्थाबाट

कृषि, ऊर्जा, पर्यटन र लघु उद्यमको क्षेत्रमा कर्जा प्रवाह हुन सक्ने वृद्धिको स्थिति झल्कने गरी पेश गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन समेतलाई आधार बनाइनेछ । शाखा स्थापनाको लागि पेश गरिने सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्रस्तावित शाखा स्थापनाको लागि हुने पुँजीगत तथा अन्य खर्चहरु, तीन वर्षभित्रमा सोही संस्थाको अन्तरशाखा ब्याज आम्दानी बाहेकका बैंकिङ कारोबारबाट प्रस्तावित शाखा मुनाफामा सञ्चालित हुन सक्ने आधार समेत समावेश गर्नु पर्नेछ ।

(ङ) काठमाडौं उपत्यका बाहिर तीन वटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात् मात्र काठमाडौं उपत्यकामा बैंकिङ सेवाको पहुँच कम भएका स्थानलाई पहिलो प्राथमिकता दिने गरी एक शाखा खोल्न स्वीकृति प्रदान गर्न सकिनेछ । काठमाडौं उपत्यका बाहिर खोल्ने तीन शाखामध्ये कम्तीमा दुई शाखा नगरपालिका वा गाउँपालिकामा खोलिएको हुनुपर्नेछ ।

(च) कुनै इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएको बैंक वा वित्तीय संस्थाको शाखा खरिद गर्ने भएमा दुबै संस्थाले प्रचलित कानुन तथा आफ्नो आर्थिक प्रशासन विनियमावलीको अधीनमा रही शाखा खरिद बिक्री गर्न सक्नेछन् । काठमाडौं उपत्यका लगायत अन्य कुनै पनि स्थानमा अवस्थित समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको शाखा कार्यालय खरिद गरी सञ्चालन गरेमा शाखा खरिद गर्ने बैंक तथा वित्तीय संस्थालाई माथि उल्लिखित खण्ड (च) को व्यवस्था अनिवार्य हुने छैन ।
तर यस बैंकबाट समस्याग्रस्त घोषणा नभई विशेष निगरानीमा रहेका बैंक वा वित्तीय संस्थाको शाखा कार्यालय खरिद बिक्री सम्बन्धमा यस बैंकको पूर्व स्वीकृति लिएर मात्र गर्न/गराउन सकिनेछ ।

(छ) प्रादेशिक कार्यालय सम्बन्धी व्यवस्था:
(१) “क” वर्गका वाणिज्य बैंकहरुले प्रत्येक प्रदेशमा एक/एक वटाका दरले प्रादेशिक कार्यालयहरु स्थापना गर्नुपर्नेछ ।
(२) “ख” र “ग” वर्गका वित्तीय संस्थाले आवश्यकतानुसार प्रत्येक प्रदेशमा प्रादेशिक कार्यालयहरु स्थापना गर्न सक्नेछन् ।
(३) प्रादेशिक कार्यालय स्थापना गर्दा निम्नानुसारको व्यवस्था/प्रक्रिया पालना गर्नु पर्नेछ:
(अ) एउटै जिल्ला/प्रदेशभित्रका शाखा कार्यालयहरुलाई एउटै प्रादेशिक कार्यालयको मातहतमा राख्नु पर्नेछ ।
(आ) प्रादेशिक कार्यालयले आफ्नो मातहतका शाखा कार्यालयहरुको कामकारवाहीको अनुगमन, निरीक्षण तथा लेखापरीक्षणका अतिरिक्त केन्द्रीय कार्यालयले तोकदिएका अन्य कार्यहरु जस्तै: आफ्नोलाई तोकिएको सीमाभित्रको शाखा कार्यालयहरुबाट प्राप्त कर्जा फाइल अध्ययन गरी स्वीकृतिको निर्णय दिने, केन्द्रीय कार्यालयबाट प्राप्त स्वीकृतिको व्यवस्थापन गर्ने, मातहतका शाखा कार्यालयहरुको वितरण गर्ने, नयाँ शाखा कार्यालयको लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने, सम्बन्धित प्रदेश अन्तर्गतका शाखाहरुको समन्वय, निगरानी, संस्थागत सुशासन, जोखिम व्यवस्थापन एवम् गुनासो सुनुवाई जस्ता कार्यहरु लगायत अन्य प्रशासनिक कार्यहरु समेत गर्न सक्नेछ ।
(इ) प्रादेशिक कार्यालयबाट बैंकिङ कारोबार गर्न/गराउन पाइने छैन ।
(ई) प्रादेशिक कार्यालय खोल्नु पूर्व सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले सो कार्यालय खोल्ने सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।
(उ) प्रादेशिक कार्यालय सञ्चालनमा आएको १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागलाई जानकारी गराउनु पर्नेछ ।

२ Provisions Relating to Closure, Relocation, Merger and Change of Address of Central Office, Branch or Other Office

Nepali authoritative text

(क) इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्वस्वीकृति बिना शाखा वा कुनै पनि किसिमिको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।
तर, देहायबमोजिमको अवस्थामा इजाजतपत्रप्राप्त संस्था स्वयम्ले निर्णय गरी महानगरपालिकाभित्र रहेका शाखा समायोजन गर्न सक्नेछ:
(१) विद्युतीय भुक्तानी कारोबार बढिरहेको तथा वित्तीय संस्थाको शाखा उल्लेख्य रहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्था स्वयंले महानगरपालिकामा रहेका शाखा समायोजन/एकीकरण गर्न सक्नेछन् ।
(२) सरकारी निकाय वा सार्वजनिक संस्था लक्षित गरी स्थापना भएको शाखाको हकमा उक्त संस्थाको लिखित सहमति पश्चात् मात्र शाखा समायोजन गर्न सकिनेछ ।
(३) शाखा समायोजन गर्नुपूर्व सर्वसाधारणको जानकारीका लागि कम्तीमा १० (दश) दिनको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका, सम्बन्धित संस्थाको वेबसाइट र उक्त शाखाको सूचनापाटीमा समेत प्रकाशन गर्नुपर्नेछ ।
(४) दुई वा सोभन्दा बढी शाखाहरु समायोजन हुने अवस्थामा समायोजन हुने शाखाका ग्राहकले उक्त संस्थाको कर्जा चुक्ता गर्न चाहेमा सो अवधिमा अन्य सेवा बन्द गर्न चाहेमा कुनै पनि प्रकारको शुल्क नलिई कर्जा चुक्ता वा सेवा स्थगित गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।
(५) शाखा समायोजन गरेको ३ कार्यदिनभित्र अनुसूची १४.२ बमोजिमको विवरण यस बैंक समक्ष पेश गर्नुपर्नेछ ।
प्रष्टीकरण: समायोजन भन्नाले कुनै इजाजतपत्रप्राप्त संस्थाको दुई वा दुई भन्दा बढी शाखाहरु एक आपसमा गाभिएर एउटा शाखा कायम हुने अवस्था सम्झनु पर्छ ।

(ख) इजाजतपत्रप्राप्त संस्थाले महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाको सोही वडाभित्र तथा गाउँपालिकाको हकमा सोही गाउँपालिकाभित्र शाखा कार्यालय स्थानान्तरण गर्नुपरेमा इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिको निर्णयानुसार स्थानान्तरण गरी ७ दिनभित्र सोको जानकारी यस बैंकलाई दिनुपर्नेछ ।

(ग) इजाजतपत्रप्राप्त संस्थाले केन्द्रीय/रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) को ठेगाना परिवर्तन गर्न वा स्थानान्तरण गर्न चाहेमा यस बैंकको स्वीकृति लिई प्रचलित कानुनको अधीनमा रही आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी गर्न सक्नेछन् ।

३ Provisions Relating to Office Hours

Nepali authoritative text

(क) नेपाल राष्ट्र बैंक खुलेको दिन तथा यस बैंकको बैंकिङ कार्यालयले बैंकिङ कारोबार गर्ने समयसम्म इजाजतपत्रप्राप्त संस्थाहरुले अनिवार्य रुपमा आफ्ना कार्यालय खोली बैंकिङ कारोबार सञ्चालन गर्नुपर्नेछ ।
तर, इजाजतपत्रप्राप्त संस्थाहरुले नेपाल राष्ट्र बैंक खुलेको दिन र समयका अतिरिक्त समय तथा अन्य बिदाका दिन र समयमा आफ्नो कारोबार सञ्चालन गर्ने भएमा यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा लिखित रुपमा जानकारी दिनुपर्नेछ ।

(ख) यस बैंकबाट जारी भएको बैंक बिदाको सूचीमा अतिरिक्त नेपाल सरकारबाट आकस्मिक बिदा घोषणा भएको दिन नगद कारोबार, चेक क्लियरिङ, RTGS लगायत अत्यावश्यक बैंकिङ सेवा प्रदान गर्न बिहान १०:०० देखि दिउँसो १:३० बजेसम्म इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आवश्यक विभाग तथा कार्यालय खुला राखी सेवा सुचारु गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४ Provisions Relating to Extension Counters

Nepali authoritative text

(क) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले काठमाडौं उपत्यका, महानगरपालिका र उप महानगरपालिकामा एक्सटेन्सन काउन्टर खोल्न यस बैंकको स्वीकृति लिनुपर्नेछ ।

(ख) एक्सटेन्सन काउन्टर खोल्नका लागि इजाजतपत्रप्राप्त संस्थाहरुले देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछ :-
(अ) यस बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात तथा चुक्ता पुँजी कायम गरेको ।
(आ) यस बैंकबाट तोकिएको ब्याजदर अन्तर कायम गरेको ।
(इ) माथि उल्लिखित शर्त तथा व्यवस्थाहरु पूरा नभएको अवस्थामा इजाजतपत्रप्राप्त संस्थालाई विशेष परिस्थितिमा कुनै स्थानमा एक्सटेन्सन काउन्टर स्थापना गर्न अत्यावश्यक देखिएमा यस बैंकले स्वीकृति दिन सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिमका शर्तहरु पूरा गरेका इजाजतपत्रप्राप्त संस्थाहरुले काठमाडौं उपत्यका, महानगरपालिका भित्र रहेका अदालत, अस्पताल, सैनिक ब्यारेक, विश्वविद्यालय, क्याम्पस, विद्यालय, सरकारी कार्यालय, औद्योगिक क्षेत्र तथा विदेशी कूटनीतिक नियोगहरुको सिफारिसमा उक्त निकायहरुको हाताभित्र वा अधिकतम २०० मिटरको दुरी सीमाभित्रमा एक्सटेन्सन काउन्टर खोल्नका लागि आवेदन पेश गरेमा आवश्यकताको आधारमा त्यस्तो काउन्टर खोल्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

(घ) एक्सटेन्सन काउन्टरबाट कोष तथा गैरकोषमा आधारित कर्जा तथा सुविधाहरु सम्बन्धी कार्य गर्न पाइने छैन ।

(ङ) एक्सटेन्सन काउन्टरबाट विदेशी मुद्राको खरिद/बिक्री सम्बन्धी कार्य गर्न चाहेमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट इजाजतपत्र लिनु पर्नेछ ।

(च) इजाजतपत्रप्राप्त संस्थाले एक्सटेन्सन काउन्टरको हिसाब मिलानको लागि निजकिको शाखा तोक्नु पर्नेछ ।

(छ) एक्सटेन्सन काउन्टर शाखामा परिवर्तन हुने भएमा शाखा स्थापना सम्बन्धी नीतिगत प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(ज) कुनै सरकारी निकाय मार्फत हुने सरकारी कारोबारलाई लक्षित गरी एक्सटेन्सन काउन्टर स्थापना गर्दा उक्त सरकारी निकाय जुनसुकै तहको पालिकामा अवस्थित भएतापनि यस बैंकको बैंकिङ विभागबाट पूर्व सहमति लिनुपर्नेछ ।

C.M. & Associates • Reference Copy • cma.com.np

(झ) यस बैंकको मति २०७४/१२/१४ पत्रसंख्या वै.वि.नि.वि./नीत/परपित्र/कक्षा/१८/०७४/७५ को परपित्रमा तोकएिबमोजमिका बैंकङि सुवधिा नपुगेका ११६ स्थानीय तहमा जुन वाणज्यि बैंकले शाखा कार्यालय खोलेको छ सो बाहेक अन्य बैंक/वत्तिीय संस्थाले परपित्रको मतिलिे तीन वर्षसम्म एक्सटेन्सन काउन्टर खोल्न पाउने छैन ।

५(क) Class “A” Commercial Banks Establishing Branch Offices Abroad

Nepali authoritative text

इजाजतपत्रप्राप्त “क” वर्गका वाणज्यि बैंकहरुले नम्निानुसारका शर्त तथा मापदण्डहरुको अधीनमा रही वदिशमा शाखा कार्यालय स्थापना गर्न सक्नेछन् ।

(१) देहायका अवस्था पूरा गरेका “क” वर्गका बैंकहरुले यस बैंकको स्वीकृत लिई वदिशमा शाखा कार्यालय खोल्न सक्ने छन्:
(अ) यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुगेको ।
(आ) वगित पाँच वर्षदेख नियिमति रुपमा यस बैंकले तोकेको पुँजीकोष कायम गरेको ।
(इ) वगित पाँच वर्षदेख निष्क्रयि कर्जा अनुपात ५ प्रतशितभन्दा कम रहेको ।
(ई) चालु तथा अघल्लिो आ.व. मा संस्थागत अनवार्िय नगद मौज्दात बाहेक अन्य कुनै कारवाहीमा नपरेको ।
(उ) कर्जा नोक्सानी व्यवस्था पूर्ण रुपले अनुपालन गरेको ।
(ऊ) सुपरवेिक्षणीय पुनरावलोकन अन्तर्गत समग्र जोखमि व्यवस्थापनमा २ प्रतशित भन्दा बढी कुल जोखमि भारति सम्पत्त (Total Risk Weighted Exposure) थप नभएको ।

(२) उपबुँदा १ मा उल्लखिति योग्यता पुगेका इच्छुक बैंकले सर्वप्रथम No Objection Letter को लाग यिस बैंक समक्ष देहायका कागजात सहति आवेदन पेश गर्नु पर्नेछ:
(अ) सञ्चालक समतिको नर्णिय ।
(आ) प्रस्तावति शाखा कार्यालयबाट बैंकलाई हुने फाइदा/जोखमि/लागत आदकिो वस्तितृ ववरिण सहतिको सञ्चालक समतिबिाट भएको नर्णिय ।
(इ) शाखा वस्तिार गर्नका लाग प्रिस्तावति स्थान वत्तिीयरुपले सम्भाव्य रहेको स्थलगत अध्ययन प्रतवेदन (Feasibility Study Report), प्रस्तावति व्यवसायको योजना, तुलनात्मक लागत-लाभ वश्लिेषण (Comparative Cost-benefit Analysis), व्यावसायकि रणनीत तिथा सञ्चालन गर्ने कारोबारको कसिमि, आन्तरकि नयिन्त्रण, जोखमि व्यवस्थापन र Host Country सँग नेपालको द्वपिक्षीय सम्बन्धको ववरिण ।

(३) उपर्युक्त बमोजमि पेश हुन आएको कागजात अध्ययन गरी शाखा कार्यालय खोल्न यस बैंकबाट No Objection Letter प्रदान गर्न सकनिेछ ।

(४) वदिशमा शाखा खोल्न चाहने बैंकले सम्बन्धति Host Country ले तोकेका मापदण्ड अनुरुप No Objection Letter प्राप्त भए पश्चात यस बैंक समक्ष अन्तमि स्वीकृतकिो लाग आवेदन गर्नुपर्नेछ । अन्तमि स्वीकृतकिो लाग निवेदन पेश गर्दा देहाय बमोजमिको कागजात पेश गर्नुपर्नेछ:
(अ) वदिशमा शाखा कार्यालय स्थापना/सञ्चालन गर्ने सम्बन्धमा सञ्चालक समतिबिाट भएको नर्णिय ।
(आ) जुन देशमा शाखा कार्यालय स्थापना गरनिे हो, सो देश (Host Country) को नयिामक नकिायले तोकेको पुँजी (Assigned Capital) पूरा गर्नु पर्नेछ ।
(इ) वदिशमा शाखा कार्यालय स्थापना गर्ने “क” वर्गको इजाजतपत्रप्राप्त संस्थाले यस प्रयोजनको लाग आवेदन ददिा तोकएिको ढाँचामा फाराम भरी तथा शुल्क वापत रु. दुई लाख (फर्िता नहुने) को ने.रा.बैं. ना.औ.हसिाबमा जम्मा गरेको भौचरको अर्धकट्टी समेत पेश गरी आवेदन दनिु पर्नेछ ।
(ई) सम्बन्धति देशको नयिामक नकिायको नीतगित व्यवस्था र सोको पालना गर्न सक्ने सम्बन्धमा बैंकको तर्फबाट गरएिको स्वघोषणा ।
(उ) जुन देशमा शाखा कार्यालय स्थापना गरनिे हो, उक्त देशबाट लाभांश (Dividend) मुनाफाको रुपमा वदिेशी मुद्रा नेपाल ल्याउन नयिमअनुसार रकम फर्िता गर्नुपर्ने अवस्था आएमा तोकएिको पुँजी (Assigned Capital) जुन वदिेशी मुद्रामा लगएिको हो, सोही वदिेशी मुद्रामा वा परवर्ित्य वदिेशी मुद्रामा अनवार्िय रुपमा स्वदेशमा फर्िता गर्नु पर्ने हुँदा सो सम्बन्धमा वद्यिमान Host Country को ऐन तथा नीत तिथा व्यवस्था प्रमाणति हुने कागजात ।

(५) उपर्युक्त बमोजमि शाखा कार्यालय खोल्ने अन्तमि स्वीकृतकिो लाग आवेदन पेश हुन आएमा बैंकले आवश्यक जाँचबुझ गरी देहायका शर्त तथा अन्य आवश्यक थप शर्त समेत तोकी अन्तमि स्वीकृत प्रिदान गर्नेछ ।

५(क) — शर्त तथा मापदण्डहरु Conditions and Standards

Nepali authoritative text

C.M. & Associates • Reference Copy • cma.com.np

(क) अन्तिम स्वीकृति प्राप्त गरेको ६ महिनाभित्र त्यस्तो शाखा कार्यालय खोली कार्यालय सञ्चालन गरिसक्नु पर्नेछ र सोको जानकारी यस बैंकलाई दिनु पर्नेछ । उक्त तोकिएको अवधिभित्र शाखा कार्यालय सञ्चालन गर्न नसकेको/नगरेमा स्वीकृति स्वतः रद्द हुनेछ र पुनः स्थापना गर्ने स्वीकृतिको लागि नियाँ प्रक्रियाबाट निवेदन पेश गर्नु पर्नेछ ।
(ख) शाखा कार्यालय सञ्चालनका लागि हुने विदेशी मुद्रा खर्चको लागि यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति लिनु पर्नेछ ।
(ग) विदेशस्थित शाखाले गरेको व्यावसायिक काम कारवाहीको सम्पूर्ण दायित्व पूरा गर्न आवश्यक हुने रकम तथा अन्य कुनै पनि दायित्व राष्ट्र बैंकले माग गरेको बखत उपलब्ध गराउनेछौं भनी नेपालमा रहेको मुख्य कम्पनी (Parent Company) को सञ्चालक समितिले गरेको लिखित प्रतिबद्धता यस बैंकमा पेश गर्नु पर्नेछ ।
(घ) विदेशमा रहेको शाखा कार्यालयमा सूचना आदान प्रदान गर्नको लागि सूचना प्रणालीमा तत्काल आवद्ध हुन सक्ने व्यवस्था गरेको हुनु पर्नेछ ।
(ङ) यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागमा पेश गर्नु पर्ने प्रचलित व्यवस्था बमोजिम वित्तीय विवरणहरुमा विदेशमा सञ्चालित शाखा कार्यालयको वित्तीय विवरणहरु एकीकृत (Consolidated) तथा छुट्टै (Separate) समेत पेश गर्नु पर्नेछ ।
(च) विदेशमा शाखा कार्यालय स्थापना गर्ने “क” वर्गको इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्व स्वीकृति बिना उक्त शाखा कार्यालयको ठेगाना परिवर्तन गर्न, बन्द गर्न वा गाभ्न पाउने छैन ।
(छ) विदेशमा शाखा कार्यालय खोल्न चाहने बैंकले सम्बन्धित Host Country को नियामक संस्थाको निर्देशन र यस बैंकले तोके बमोजिमको पुँजीकोष विवरण र पुँजी पर्याप्तता सम्बन्धी पूरा गरेको हुनु पर्नेछ ।
(ज) विदेशस्थित शाखाको प्रयोजनको लागि तोकिएको पुँजी (Assigned Capital) बाहेकको कुनै पनि रकम (निक्षेप परिचालन समेत) वा परिवर्त्य विदेशी मुद्रा विदेश लैजान पाइने छैन ।
(झ) विदेशस्थित शाखाको सम्पूर्ण कारोबारहरुको नियमन र सुपरिवेक्षण गर्ने अधिकार नेपाल राष्ट्र बैंक र Host Country को नियामक र सुपरिवेक्षकमा अन्तर्निहित रहनेछ । प्रचलित व्यवस्था बमोजिम त्यस्ता शाखाहरुको आवधिक रुपमा गैर-स्थलगत (Off-site) तथा स्थलगत (On-site) सुपरिवेक्षण कार्य नियमित रुपमा गरिनेछ । सो सुपरिवेक्षणको कार्यको लागि सम्बन्धित बैंकले राष्ट्र बैंकबाट खटिने सुपरिवेक्षकलाई सहयोग गर्नु पर्नेछ ।
(ञ) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, परिपत्र, मार्गदर्शन इत्यादि (अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक) विदेशस्थित शाखाको हकमा समेत लागू हुनेछ । त्यस्ता शाखाहरुको लागि कुनै विशेष व्यवस्था गर्नु परेमा वा निकायमा दिनु परेमा नेपाल राष्ट्र बैंकले आवश्यकतानुसार गर्न सक्नेछ ।
(ट) नीतिगत निर्देशन तथा कानुनको पालना नगरेमा प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलन अनुसार कारवाही र दण्ड जरिवाना गरिने छ ।
(ठ) विदेशमा शाखा कार्यालय सञ्चालन गर्दा अपनाउने बैंकिङ कार्यविधि, कर्जा निर्देशिका लगायतका कागजात यथासम्भव यस बैंकमा पेश गर्नु पर्नेछ । Host Country को नियामक वा सुपरिवेक्षकले लगाएको दण्ड, जरिवाना तथा सुशासन सम्बन्धी कारवाहीको जानकारी १५ दिनभित्र यस बैंकको नियमन विभाग र सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।
(ड) विदेशमा शाखा कार्यालय सञ्चालन गर्दा सम्पत्ति शुद्धीकरण निवारण ऐनको पूर्ण परिपालना गर्नु/गराउनु पर्नेछ ।

५(ख) Class “A” Commercial Banks Establishing Contact / Representative Offices Abroad

Nepali authoritative text

(१) देहायका अवस्था पूरा गरेका “क” वर्गका बैंकहरुले यस बैंकको स्वीकृति लिई विदेशमा सम्पर्क/प्रतिनिधि कार्यालय खोल्न सक्ने छन् :-
(अ) यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पूरा गरेको ।
(आ) विगत तीन वर्ष देखि नियमित रुपमा यस बैंकले तोकेको पुँजीकोष कायम गरेको ।
(इ) विगत पाँच वर्षदेखि निष्क्रिय कर्जा अनुपात ५ प्रतिशतभन्दा कम रहेको ।
(ई) विगत ३ वर्षदेखि संस्था र संस्थाका सञ्चालक अनिवार्य नगद मौज्दात बाहेक अन्य कुनै कारवाहीमा नपरेको ।
(उ) कर्जा नोक्सानी व्यवस्था पूर्ण रुपले अनुपालन गरेको ।
(ऊ) सुपरिवेक्षणीय पुनरावलोकन अन्तर्गत समग्र जोखिम व्यवस्थापनमा २ प्रतिशत भन्दा बढी कुल जोखिम भारित सम्पत्ति (Total Risk Weighted Exposure) थप नभएको ।

(२) उपबुँदा १ मा उल्लिखित योग्यता पुगेका इच्छुक बैंकले सर्वप्रथम No Objection Letter को लागि यस बैंक समक्ष देहायका कागजात सहित आवेदन पेश गर्नु पर्नेछ:
(अ) सञ्चालक समितिको निर्णय ।
(आ) सम्बन्धित देशको नियामक निकायको नीतिगत व्यवस्था र सोको पालना गर्न सक्ने सम्बन्धमा बैंकको तर्फबाट गरिएको स्वघोषणा ।
(इ) सम्भाव्यता अध्ययन प्रतिवेदन ।
(ई) विगत ३ वर्षको वार्षिक वित्तीय विवरण ।

C.M. & Associates • Reference Copy • cma.com.np

(३) उपर्युक्त बमोजमि पेश हुन आएको कागजात अध्ययन गरी सम्पर्क/प्रतनिधिि कार्यालय स्थापना गर्न यस बैंकबाट No Objection Letter प्रदान गर्न सकनिेछ ।

(४) वदिेशमा सम्पर्क/प्रतनिधिि कार्यालय खोल्न चाहने बैंकले सम्बन्धति Host Country ले तोकेका मापदण्ड अनुरुप No Objection Letter प्राप्त भए पश्चात यस बैंक समक्ष अन्तमि स्वीकृतकिो लागि आवेदन गर्नुपर्नेछ ।

(५) अन्तमि स्वीकृतकिो लागि आवेदन पेश हुन आएमा बैंकले आवश्यक जाँचबुझ गरी देहायका शर्त तथा अन्य आवश्यक थप शर्त समेत तोकी अन्तमि स्वीकृति प्रदान गर्ने छ ।
(अ) अन्तमि स्वीकृति प्राप्त गरेको ६ महनिाभत्रि त्यस्तो सम्पर्क/प्रतनिधिि कार्यालय खोली कार्यालय सञ्चालन गरसिक्नु पर्नेछ र सोको जानकारी यस बैंकलाई दनिु पर्नेछ ।
(आ) सम्पर्क/प्रतनिधिि कार्यालय सञ्चालनका लागि हुने वदिेशी मुद्रा खर्चको लागि यस बैंकको वदिेशी वनिमिय व्यवस्थापन वभिागबाट स्वीकृति लनिु पर्नेछ ।

(ग) FATF को "High-Risk Jurisdictions subject to a Call for Action", "Jurisdictions under Increased Monitoring" मा सूचीकृत मुलुक र UN Sanction List मा समावेश भएका मुलुकमा "क" वर्गका बैंकहरुलाई शाखा, सम्पर्क/प्रतनिधिि कार्यालय स्थापना गर्न स्वीकृति प्रदान गरनिे छैन ।

६ Provisions Relating to Mobile Banking Service

Nepali authoritative text

इजाजतपत्रप्राप्त "क" वर्ग र राष्ट्रयिस्तरका "ख" र "ग" वर्गका संस्थाहरुले बैंकङि सुवधिाको पहुँच नपुगेको स्थानमा देहायको नीतगित व्यवस्था तथा शर्तहरुको अधीनमा रही सवारी साधनमा कार्यालय राखेर घुम्ती बैंकङि सेवा सञ्चालन गर्न सक्ने छन् ।

(१) घुम्ती बैंकङि सेवा काठमाडौं उपत्यकाको महानगरपालकिा, उपमहानगरपालकिा र नगरपालकिा बाहेक देशभर कुनै पनि स्थानमा आफ्नो बैंकको कुनै नजकिको शाखालाई सम्पर्क/नयिन्त्रण कार्यालय तोकेर सञ्चालन/कार्यान्वयन गर्नु पर्नेछ ।
(२) घुम्ती बैंकङि सेवामा संलग्न हुने नगद, मार्गस्थ नगद (Cash in Transit), सवारी साधन, कर्मचारी तथा अन्य सम्पत्तकिो बीमा गरेको हुनुपर्नेछ ।
(३) सम्बन्धति बैंक तथा वत्तिीय संस्थाले यो सेवा सञ्चालन गर्दा आइपर्ने सुरक्षा प्रणाली लगायतका सम्पूर्ण जोखमि पहचिान र व्यवस्थापन आफैले गर्नु पर्नेछ ।
(४) घुम्ती बैंकङि सेवा उपलब्ध गराए वापत वद्यिमान प्रचलति सेवा शुल्क बाहेक अन्य कुनैपनि सेवाशुल्क सेवाग्राहीसँग लनि पाइने छैन । कारोबारको ववि‍रण र प्रभाव ग्राहकको खातामा तत्काल झल्कने व्यवस्था गर्नु पर्नेछ ।
(५) घुम्ती बैंकङि सेवा उपलब्ध गराउने स्थान आदकिो सम्बन्धमा आवश्यकतानुसार नेपाल सरकारको सम्बन्धति नकिाय वा अधकिारीको स्वीकृति लनिु पर्नेछ । आवश्यकतानुसार स्थानीय प्रहरी, प्रशासनसँग तुरुन्त सम्पर्क गर्न/गराउन सक्ने गरी आधुनकि सञ्चार साधनको सुवधिा हुनु पर्नेछ ।
(६) सुरक्षा स्थतिि तथा स्थान वशिेष हेरी घुम्ती बैंकङि सेवा सञ्चालन गर्न चाहने संस्थाले कारोबार रकमको सीमा आफैले नर्धिारण गर्न सक्नेछ ।
(७) घुम्ती बैंकङिको माध्यमबाट नेपाली रुपैयाँमा मात्र नक्षिेप तथा भुक्तानी सेवा प्रदान गर्नु पर्नेछ ।
(८) घुम्ती बैंकङि सेवा उपलब्ध गराइने स्थानमा हतयिार सहतिको सुरक्षा गार्ड हुनु पर्नेछ ।
(९) बैंकको आन्तरकि लेखापरीक्षण वभिागले घुम्ती बैंकङि कारोबारलाई सुरक्षति बनाउन नश्चिति मापदण्ड बनाई आन्तरकि लेखापरीक्षणमा सो सम्बन्धी कारोबारलाई समेत समेट्नु पर्नेछ ।
(१०) घुम्ती बैंकङि सेवा सञ्चालन गर्ने संस्थाले ग्राहकको नक्षिेप सम्बन्धी कारोबार तथा रेमट्यिान्स सेवा उपलब्ध गराउने बाहेकका अन्य सेवा सुवधिा प्रदान गर्न पाइने छैन ।
(११) सम्बन्धति बैंक तथा वत्तिीय संस्थाले यो सेवा सञ्चालन गर्दा प्रयोग गर्ने सवारी साधनमा आवश्यक सेवा प्रदान गर्न पर्याप्त र सूचना प्रणाली जडान गरेको हुनु पर्नेछ ।
(१२) घुम्ती बैंकङि सेवामा जाने कर्मचारीले स्वीकृत भौगोलकि क्षेत्रमा मात्र गएको प्रमाणति हुने सवारी साधनको लग बुक तथा अन्य कागजात तयार गर्नु पर्नेछ ।
(१३) बैंकको Network र Database पूर्ण सुरक्षति हुनु पर्नेछ । प्राविधिकि व्यवस्थापनमा कुनै समस्या आई नक्षिेप तथा भुक्तानी कारोबार प्रभावति भई Database क्षति भएमा सो क्षतकिो पूर्ण जवाफदेहति सम्बन्धति बैंक तथा वत्तिीय संस्थाको नै हुनेछ ।
(१४) Software Data लाई संस्थाको केन्द्रीय सूचना प्रणालीमा तत्काल प्रवाह र सूचना वनिमिय गर्न व्यवस्था मलिाउनु पर्नेछ ।

C.M. & Associates | Reference Copy • cma.com.np

(१५) घुम्ती बैंकिङ कारोबार गर्ने सम्बन्धी निर्णय सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिबाट भएको हुनु पर्नेछ ।
(१६) माथि उल्लिखित शर्तहरु, अन्य प्रचलित कानुन र यस बैंकको निर्देशनको अधीनमा रही यस बैंकको पूर्व स्वीकृति लिएर मात्र घुम्ती बैंकिङ सेवा प्रदान गर्न सकिने छ ।

७ Provisions Relating to Limited Banking Outlets

Nepali authoritative text

इजाजतपत्रप्राप्त संस्थाहरुले सीमित बैंकिङ इकाई (Limited Banking Outlets) को रुपमा कार्यालय (नियमित रुपमा कर्मचारी खटाई वा तोकिएको दिनमा कर्मचारी खटाई सेवा प्रदान गर्ने) स्थापना गरी देहायको नीतिगत व्यवस्था तथा शर्तहरुको अधीनमा रही बैंकिङ सेवाको पहुँच नपुगेका (काठमाडौं उपत्यका, देशका अन्य उप-महानगरपालिका/नगरपालिका बाहेकका) क्षेत्रहरुमा सीमित बैंकिङ इकाई मार्फत बैंकिङ सेवा प्रदान गर्न सक्ने छन् ।

नीतिगत व्यवस्था तथा शर्तहरु:
(१) सीमित बैंकिङ सेवा उपलब्ध गराउने सम्बन्धी निर्णय सम्बन्धित संस्थाको सञ्चालक समितिबाट भएको हुनु पर्नेछ ।
(२) सीमित बैंकिङ इकाई मार्फत सेवा प्रदान गर्न चाहने संस्थाले कारोबार रकमको सीमा आफैले निर्धारण गर्न सक्नेछ ।
(३) सम्बन्धित संस्थाले यो सेवा सञ्चालन गर्दा आइपर्ने सुरक्षा प्रणाली लगायतका सम्पूर्ण जोखिम पहिचान र व्यवस्थापन आफैले गर्नु पर्नेछ ।
(४) सीमित बैंकिङ सेवा उपलब्ध गराइने स्थानमा पर्याप्त सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।
(५) सीमित बैंकिङ इकाई सेवामा संलग्न हुने नगद, मार्गस्थ नगद (Cash in Transit), सवारी साधन, कर्मचारी तथा अन्य सम्पत्तिको बीमा गरेको हुनु पर्नेछ ।
(६) सीमित बैंकिङ इकाई मार्फत नेपाल उपलब्ध गराए वापत विद्यमान प्रचलित सेवा शुल्क बाहेक अन्य कुनैपनि सेवाशुल्क सेवाग्राहीसँग लिनि पाइने छैन । कारोबारको विवरण र प्रभाव ग्राहकको खातामा तत्काल झल्कने व्यवस्था गर्नु पर्नेछ ।
(७) सीमित बैंकिङ इकाईको माध्यमबाट नेपाली रुपैयाँमा मात्र निक्षेप तथा भुक्तानी सेवा प्रदान गर्नु पर्नेछ र अन्तर्राष्ट्रियस्तरमा कारोबार (Cross Border Transaction) गर्न र भुक्तानी सेवामा वैदेशिक मुद्राको प्रयोग गर्न पाइने छैन ।
(८) संस्थाले ग्राहकलाई निक्षेप, भुक्तानी तथा कर्जा सम्बन्धी कारोबार र आन्तरिक रेमिट्यान्स सेवा उपलब्ध गराउने बाहेकका अन्य सेवा सुविधा प्रदान गर्न पाइने छैन ।
(९) संस्थाको Network र Database पूर्ण सुरक्षित हुनु पर्नेछ । प्राविधिक व्यवस्थापनमा कुनै समस्या आई निक्षेप तथा भुक्तानी कारोबार प्रभावित भई Database क्षति भएमा सो क्षतिको पूर्ण जवाफदेहिता सम्बन्धित संस्थाको नै हुनेछ ।
(१०) कारोबार सम्पन्न भए पश्चात् नजिकको शाखा वा केन्द्रीय कार्यालयमा प्रत्यक्ष रुपमा (Live) Data Transfer गरी केन्द्रीय सूचना प्रणालीमा तत्काल सूचना आदान प्रदान हुने एवम् उपयुक्त Backup को समेत व्यवस्था गरेको हुनु पर्नेछ । यस्तो सुविधा तोकिएको स्थानमा कम्तीमा हप्ताको २ दिन उपलब्ध गराउनु पर्नेछ ।
(११) संस्थाको आन्तरिक लेखापरीक्षण विभागले सीमित बैंकिङ कारोबारलाई सुरक्षित बनाउन निश्चित मापदण्ड बनाई आन्तरिक लेखापरीक्षणमा सो सम्बन्धी कारोबारलाई समेत समेट्नु पर्नेछ ।
(१२) कारोबार गर्दा ग्राहक पहिचान लगायत सम्पत्ति शुद्धीकरण सम्बन्धी निर्देशनको पूर्ण परिपालना गरेको हुनु पर्नेछ ।
(१३) माथि उल्लिखित शर्तहरु, अन्य प्रचलित कानुन र यस बैंकको निर्देशनको अधीनमा रही यस बैंकको पूर्व स्वीकृति लिएर मात्र सीमित बैंकिङ सेवा उपलब्ध गराउन सकिने छ ।

८ Provisions Relating to Liaison Offices

Nepali authoritative text

(क) बैंक तथा वित्तीय संस्थाहरुले कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशहरुमा सम्पर्क कार्यालय खोल्न यस बैंकको स्वीकृति लिनु पर्ने छैन ।
(ख) यस व्यवस्था बमोजिम सम्पर्क कार्यालय खोलेको जानकारी १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा गराउनु पर्नेछ ।
(ग) सम्पर्क कार्यालयले निक्षेप र कर्जा सम्बन्धी कुनै कारोबार गर्न पाउने छैन ।
(घ) सम्पर्क कार्यालयको मूलभूत उद्देश्य वित्तीय साक्षरता अभिवृद्धि गर्ने र वित्तीय सेवा विस्तारमा टेवा पुर्याउने हुनेछ ।

९ Branches Opened without Completing Required Procedure and Conditions

Nepali authoritative text

शाखा/कार्यालय सम्बन्धी यस निर्देशन बमोजिमको प्रक्रिया तथा शर्त पूरा नगरी खोलिएका शाखा तत्काल बन्द गर्नुपर्नेछ र आगामी २ वर्षसम्म थप शाखा खोल्न पाइने छैन ।

१० Repeal and Saving

Nepali authoritative text

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-
एकीकृत निर्देशन, २०८१ को शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था इ.प्रा.निर्देशन नं. १४/०८१ बाट जारी गरिएको निर्देशन तथा सोपश्चात् मिति २०८२ माघ २ सम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

Schedules 14.1: Application Format to Be Submitted to Nepal Rastra Bank for Approval to Open a Branch/Office

Source Asset: asset-090-directive-14.png

Source Page Label: खण्ड "ख" २१६

Fields

1. बैंक/वित्तीय संस्थाको नाम, ठेगाना
2. प्रस्तावित शाखा स्थापना गरिने स्थान, जिल्लाको नाम, ठेगाना
3. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त मिति
4. वित्तीय कारोबार सञ्चालन गरेको मिति
5. संस्थाको ठीक अघिल्लो त्रैमासको चुक्ता पुँजी
6. संस्थाको कुल कर्जा रकम
7. पछिल्लो आ.व. को अन्तसम्म लेखापरीक्षकबाट प्रमाणित कुल निष्क्रिय कर्जा रकम र प्रतिशत
8. हालसम्म सञ्चालनमा रहेका शाखा संख्या
9. नयाँ शाखा कार्यालय खोलेपछि हुने शाखा संख्या
10. २०६५ चैत्र मसान्तसम्म खोलिएका शाखाको विवरण
11. प्रस्तावित शाखाको लागि तोकिएको चुक्ता पुँजीको विवरण
12. प्रस्तावित शाखाको लागि काठमाडौं उपत्यका बाहिर खोलिएका शाखाको विवरण
13. शाखा/केन्द्रीय कार्यालयसँग सूचना आदान प्रदानका लागि Networking को विवरण
14. सर्वसाधारण शेयर जारी गरेको मिति
15. त्रैमासिक पुँजीकोषको प्रतिशत
16. पुँजी योजनाबमोजिम पूरा हुनुपर्ने चुक्ता पुँजी र हाल कायम चुक्ता पुँजी
17. संस्थाको कार्यक्षेत्रको विवरण
18. शाखा खोल्ने निर्णयमा संलग्न पदाधिकारीहरुको विवरण
19. सञ्चालक समितिका पदाधिकारीहरु
20. प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

Human Review Required: True

C.M. & Associates • Reference Copy • cma.com.np

Schedules 14.2: Branch Consolidation Details

Source Asset: asset-091-directive-14.png

Source Page Label: खण्ड “ख” २१७

Columns

1. SN

2. Branch Name

3. Address

4. Name of Branch to Consolidate with

5. Address

6. Distance between two branches

7. Special approval if need *

8. Remarks

Note: Detail of special approval is required for branches established under the recommendation of a specific government and any other institution.

Human Review Required: True

C.M. & Associates • Reference Copy • cma.com.np

Source and disclaimer

This material is provided for information and reference only and does not constitute legal, regulatory, tax or professional advice. Original Nepali text is authoritative. English is a controlled facilitative translation and is not an official Nepal Rastra Bank translation. In case of inconsistency, ambiguity or difference, the official Nepali Directive and applicable Nepal Rastra Bank circulars prevail. C.M. & Associates is not affiliated with, approved by or endorsed by Nepal Rastra Bank.

Watermark: C.M. & Associates • Reference Copy • cma.com.np

C.M. & Associates • Reference Copy • cma.com.np